मण्डलद्वारा सुन्दर बिदाई गान प्रस्तुत गरियो । लगभग डेढमहिनाको प्रवासकालका सबै कार्यक्रमहरु हामीले पुनर्विचार गऱ्यौं । हाम्रो त्यो प्रवासकाल साँच्चै नै ऐतिहासिक र मनमोहक सावित भयो । १९ अप्रिलका दिन ठूलो सुखद स्मृतिहरुका साथ उक्त जैन भवनलाई छोडेर भारतका लागि प्रस्थान गऱ्यौं । १९ अप्रिलका दिन काठमाडौंको मुख्य शहर हुँदै हामी कालीमाटी पुग्यौं सुप्रसिद्ध उद्योगपति शंकरलाल केडियाको कार्यालयमा हामी रोकियौं । पूरा दिन व्यस्ततामा बित्यो विशेष गरेर नाथ, पन्थी, सम्प्रदायका सन्त प्रभुद्धजी जो काठमाडौं प्रवासकालमा हाम्रो सम्पर्कमा हुनुहुन्थ्यो उहाँको साथमा धर्म चर्चा भयो । उहाँले काठमाडौंको वापसी यात्रामा आफ्नो आश्रममा आउनको लागि निमन्त्रणा दिनुभएको थियो । उहाँसँग हाम्रो विशेष लगाव हुनुको कारण हामी नेपाली थियौं । उहाँको विचार थियो कि नेपालमा एक धर्म संसदको स्थापना होस् जहाँ आदिनाथ भगवानबाट लिएर गोरखनाथ सम्प्रदाय सम्मका सबैलाई समेट्न सकियोस् । धार्मिकतामा आएको विकृतिलाई नेपालबाट हटाउनको लागि सबै धर्ममा समन्वय परमआवश्यक छ । उहाँले हामीसँग हिमालयको परिक्रमा गर्नको लागि अनुरोध गर्नुभयो । यस सम्वन्धमा हामीले उहाँलाई आश्वासन दियौं ।

हामी २० अप्रिलमा बल्खु स्थित सम्बुद्ध देवको आश्रममा पुग्यौं । उहाँ स्वयम् हाम्रो साथ पद यात्रा गरेर आफ्नो आश्रममा लग्नुभयो । आश्रमको वातावरण बहुतै शान्त र मनमोहक थियो । वहाँले एक निराकार मन्दिरको स्थापना गर्नुभएको रहेछ । जहाँ सिर्फ ध्यानको लागि जान सकिन्थ्यो । अरु कोही त्यो ठाउँमा बर्जित थियो । माटोले लिपिएका बडो सुन्दर उक्त ध्यानकक्षको उद्घाटन भने भएको रहेनछ । उक्त ध्यान केन्द्रमा गएर हामीले केही बेर ध्यान गऱ्यौं । सम्बुद्धदेवले हामीलाई बताउनुभयो, यस केन्द्रमा पहिलोपटक ध्यान भइरहेको छ। अथवा वहाँले हाम्रो ध्यानबाट उक्त ध्यानकक्षको उद्घाटन भएको ठान्नुभयो । उहाँको अनुमान थियो ध्यानको प्रादुर्भाव मुख्यतया जैन र

बौद्ध धर्मबाट भएको हो र वर्तमान अवस्थामा दुवै सम्प्रदाय ध्यान प्रति सजग छन्। वहाँले भन्नुभयो एक ध्यानी सम्प्रदायले गरेको ध्यान यस स्थानको लागि अवस्य राम्रो हुन्छ। दिउँसोको भोजन त्यसै आश्रममा सम्पन्न भयो।

त्यसपछि हामी सतुंगल फ्रूटी कारखाना तर्फ लाग्यौं बाटोमा एक जैन सन्त र नाथ पन्थीका मानिस आपसमा हिडिरहेको देखेर मानिसहरुको अनुहारमा जिज्ञासा झल्कि रहेको देखिन्थ्यो। लगभग ३ बजे दुगड जीको फ्रूटी कारखानामा पुग्यौं डेढ महिना पहिला आएको स्मरण ताजै भयो। त्यस समय हाम्रो मनमा काठमाडौं प्रवासको शिलशिलामा मनमा अनेकौं कल्पना आउँथ्यो। हामी यस कुराप्रति निश्चिन्त थिएनौं कि हाम्रो यात्रा कस्तो हुन्छ।हाम्रो यात्राप्रति मानिसहरुको कस्तो प्रतिक्रिया हुन्छ। तर हामी आज आफ्नो काठमाडौ यात्रासँग पूर्ण रुपमा सन्तुष्ट छौं। त्यहाँका सुखद स्मृतिलाई लिएर हामी फर्किरहेका थियौं। हामीलाई आशा भन्दा बढी सफलता मिलिरहेको थियो। यहाँ रहँदा काठमाडौं देखि श्रावक श्राविकाहरु दर्शनका लागि आए। २१ अप्रिलको हामी त्यहाँ बस्यौं जहाँ अनाथाश्रम र वृद्धाश्रम देख्नको लागि हामी जानु थियो। स्थानीय राम गिरी जीले हामीलाई आफ्नो गाउँमा लिएर त्यो ठाउँ देखाउनु भयो जुन स्थानलाई देखेर यो सन्तोष भयो कि हामी जुन उद्देश्यलाई लिएर हाम्रो नेपाल यात्रा भएको थियो त्यो उद्देश्य पूर्तिका शुरुवात त्यहीबाट भयो। अर्को दिन हाम्रो यात्रा भारत तर्फ लम्कनु थियो।

२२ अप्रिलको बिहानी लगभग ६ बजे हाम्रो यात्रा शुरु भयो। हामीलाई बिदा गर्नको लागि काठमाडौंबाट भक्तजनहरु आउन शुरु गरे। ठूलो संख्यामा उपस्थिति थियो। त्यहाँबाट हिडेर लगभग ६ किलोमिटर पर काठमाडौंको चेकपोष्ट थानकोटमा पुग्यौं। त्यहाँ सम्बुद्धदेवजीले आफ्ना भक्तलाई हाम्रो बासस्थानका लागि प्रबन्ध गर्नुभएको रहेछ। भक्तिभावले परिपूर्ण उक्त स्थानीय नेपाली परिवारले देखेर हाम्रो मन आनन्दले भरियो। हाम्रो साथ संलग्न २०, २५ जनाको टोलीलाई देखेर सो ठाउँमा शोभा तथा जिज्ञासाको कारण बन्न

पुग्यो । उहाँहरु हामीलाई श्रद्धाको दृष्टिले नियाली रहनुभएको थियो । बडो भक्तिपूर्ण वातावरणमा हामीले रात बितायौं ।

अब हामीले त्यस पहाडको उकाली चढ्नु थियो जो आफ्नो उचाईले काठमाडौंलाई ओझेल गरेको थियो । त्यस पहाडलाई नाघेर हामी काठमाडौं पुगेका थियौं । केही भक्त लामो यात्रा सम्म हिडेर हामीलाई बिदा गर्नका लागि हाम्रो साथ पैदल यात्रा गरिरहेका थिए । बढी भन्दा बढी समयसम्म हाम्रो सानिध्य प्राप्त गर्नको लागि उनीहरुको अनुहारमा त्यो झलक देखिन्थ्यो । हामी स्वयम्ले उहाँहरुलाई फिर्ता जानको लागि आग्रह गर्नु पऱ्यो । आखिर मिलन र बिछोडको घडी एक पटक आउनु निश्चित नै थियो । जसलाई नचाहेर पनि हामीले स्वीकार गर्नु पऱ्यो । बाटोमा त्यो सीमा आईहाल्यो जहाँबाट बिदा गर्नेहरु फर्कनका लागि विवश भए । मिलन र बिछोडको त्यो घडी बाटोको आखिरी सीमा जब नजिक आउँछ र मनमा भाव विव्हलता बढ्दछ । मनमा एउटा बेचैनी भरिन लाग्यो । जो हामीबाट बिदा लिइरहेका थिए । थाहा छैन उनीहरुसँग मिल्ने भेट्ने शुभअवसर कहिले मिल्दछ । अन्तत: उनीहरुसँग हामीहरुले बिदा लिनुपऱ्यो । तर हामीले लक्षित गऱ्यौं । भक्तजन हामीलाई धेरै समयसम्म हेरिरहनेछन् र हामी पनि पहाडको उकालो चढ्दै गयौ । आखिर त्यो क्षण पनि आयो जब हामी जंगलमा बिलिन भयौं र हाम्रा भक्तजनहरु भौतिक दृष्टिबाट ओझेलमा परे ।

## "असन्तुलन" अनर्थको जड

अब हामी चार व्यक्ति नै पहाड तर्फ बढिरहेका थियौं । पदममुनि जी, तेजप्रसाद पौडेल, खेमराज रेग्मी र म स्वयम् । चारै जना मिलेर पहाडको टुप्पोमा बिजयप्राप्त गर्नका लागि अगाडि बढ्यौ भोजन पानीको बोझ पनि हाम्रो साथमा थियो । लगभग एक किलोमिटर उकालो चढेर हामी बडो सजिलो तवरबाट यात्रा पार गऱ्यौं । तर त्यसपछि हाम्रो पाइताला केही फितलो भयो । मेरो साथमा खेमराज जी हुनुहुन्थ्यो र पदम मुनिको साथ केही

फरकमा तेजप्रसाद पौडेल यात्रा गर्दै हुनुहुन्थ्यो । केही समय पछि उहाँहरु हामी भन्दा अगाडि निस्कनुभयो । त्यस पछि अचानक हामीले महसुस गऱ्यौ हाम्रो धड्कन बढिरहेछ । तर पनि हामीले छिटो बढ्ने प्रयास गऱ्यौं । तर १५/२० मिनेट पछि हाम्रो स्थिति नाजुक हुन पुग्यो । अब एक कदम पनि अगाडि बढ्नु मुस्किल जस्तो लाग्न थाल्यो । साथमा खेमराजजी हुनुहुन्थ्यो । तर शनिबारको दिन हाम्रो मौन ब्रत हुनाका कारण उहाँसँग हाम्रो व्यथा बताउन सकेनौ । हाम्रो अगाडि पछाडि घनघोर जंगल थियो । अन्तत: मैले आफैले आफैलाई एउटा रुख मुनी ढल्न पुगें जसरी काटिएको वृक्ष धर्तीमा ढल्छ । सुकेका पातहरुमा मस्त सुत्न पुगे । छिटो छिटो चलिरहेको सासका कारण केही क्षणमै आराम मिल्यो । केही समय आराम गरिसकेपछि पहाडतर्फ चढ्न तर्फ लागे । तर मेरो चाल धेरै शिथिल गतिमा भइरहेको थियो । अब हामीलाई पहाडको यात्रा सगरमाथा (माउण्ट एभरेष्ट)को यात्रा जस्तो लाग्न थाल्यो । हाम्रा साथीहरु धेरै फरकमा हुनुहुन्थ्यो । फेरि केही उकालो चढेपछि मलाई सासको कठिनाई हुन थाल्यो । योग मुद्रामा स्वास प्रश्वास गरेपछि आफ्नो तीव्र गतिमा बढेको धड्कन मन्द हुन थाल्यो । यस प्रकार तीन चार ठाउँमा विश्राम गर्दै उक्त पहाडमाथि विजय पाउन सकियो । यी सबै दु:ख कष्ट यसकारण भएको होला कि हामीले खानेकुरा केहीमात्रामा धेरै खायौं । जब हामीले यो पहाडलाई नाघेर आयौ तब हामीलाई कुनै प्रकारको दु:ख भएन । यो स्थितिमा हामीले यो सोच्नका लागि बाध्य भयौं प्रकृति कुनै प्रकारबाट असन्तुलन सहन सक्दैन । जहाँ अलिकति पनि अति भयो कि त्यहाँ सन्तुलन बिग्रन्छ । असन्तुलन अनर्थको जड हो । यसकारण नीतिको बचन छ - अति, सर्वत्र वज्रयेत । यसकारण नै सन्तुलित आहार विचार र वाणी माथि जोड दिइएको छ ।

हामी लगभग १० बजे त्यस पहाडको टुप्पोमा पुगेका थियौं । त्यहाँ पुगिसकेपछि हामीले आफैलाई यस रुपमा आनन्दित पायौं । मानौ सगरमाथा

माथि विजय प्राप्त गऱ्यौं । विजय छोटो होस् या ठूलो उसलाई प्राप्ति गरिसकेपछि मनमा विजय उल्लास अवश्य पैदा हुन्छ । एक उपलब्धिबाट दोश्रो उपलब्धिको लागि प्रेरित गर्दछ । हामी आफ्नो जीवनमा ठूला उपलब्धिहरु पूरा गर्न तब सम्भव हुन्छ जब बारबार असफल हुँदै उसलाई पूरा गर्नका लागि निरन्तरता बनाउँछ ।

पहाडको टाकुरामा हामी चारैजना एकत्रित भयौं । एक जना किसान आफ्नो परिवारका साथ त्यहाँ पुगेका थिए । उनले हामीप्रति उत्सुकता देखाए । उनीसँग वार्तालाप गरिसकेपछि थाहा भयो । उनी आफ्नो जीवनमा प्रथम पटक जैन सन्तलाई देखिरहेका छन् । केही समयपछि दोश्रो यात्रा पनि शिखरमाथि पुगे । ती किसानले टिप्पणी गरे । हामी सबैका सबै हाँसिहेका छौं । तर यो सन्तहरुको चेहरामा जुन मुस्कान छ । त्यो केही अलग प्रकारको छ । सांसारिक व्यक्ति चाहे जति सुकै किन नहाँसोस् । परन्तु त्यो देखावटी हुन्छ । अनेकौं प्रकारका झञ्झट र बन्धनमा बाँधिएको हुन्छ त्यो हाँसो । वास्तविक रुपमा उन्मुक्त हाँसो त्यो हो, जुन साधु, सन्यासी हाँस्दछन् । त्यो किसानको निश्छलताले हामीलाई धेरै प्रभावित पाऱ्यो । एउटा कठिन कर्मप्रधान जीवन जिएर पनि उसको मनमा कति उच्च विचार भरिएको थियो । उनी जुन कर्मप्रधान जीवन जिइरहेका छन् । उसको प्रति मनमा कुनै अनाशक्ति प्रकट गरेन तर पनि साधु सन्तको साधनामय जीवनतर्फ उनको दृष्टि गयो । त्यसैले हाम्रो विनोदपूर्ण वार्तालापमा तीन जना बटुवा युवक आए । तिनीहरुले पनि हाम्रो सम्बन्धमा जिज्ञासा प्रकट गऱ्यो । हामीले लक्ष्य गऱ्यौं, जब उसलाई जानकारी दियौं हामी काठमाडौंबाट आइरहेका छौ । तब किञ्चित आश्चर्यको झलक आयो । त्यसपछि उनीहरु रफ्तारमा अगाडि बढे । हामीले हिमालय पर्वत र काठमाडौंको पुनः एकपटक दृष्टि पात गऱ्यौं किनभने जस्तो कि हाम्रो कदम, हाम्रो यात्राको तल्लो र तल्लो यात्रा बढिरहेको छ र ओझेलमा परिरहेको छ । उसको रमणीय दृश्य हामीसँग पछाडि छुटिरहेको छ । पानी पिइसकेपछि